# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४८) काठमाडौं, असोज ९ गते २०५५ साल (अतिरिक्ताङ्क४३ (इ)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय उप-प्रधानमन्त्री तथा जलस्रोतमन्त्री सुश्री शैलजा आचार्य न्यूयोर्कमा हुने संयुक्त राष्ट्रसंघको ५३ औं साधारण सभामा भागलिन नेपाली प्रतिनिधि-मण्डलको नेतृत्व गर्दै २०५५ साल असोज ९ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जलस्रोत मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भूमिसुधार तथा व्यवस्थामन्त्री श्री चिरन्जीवी वाग्लेले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय अर्थमन्त्री डा. श्री रामशरण महत संयुक्त राज्य अमेरिकाको राजधानी वाशिङ्टन डी.सी. मा हुने विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा भाग लिने तथा उक्त बैठकमा भाग लिन जाने क्रममा बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास संस्थाका उच्च पदाधिकारीहरूसँग द्विपक्षीय आर्थिक सहयोग-बारे छलफल गर्नसमेत २०५५ साल असोज ११ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह मन्त्री श्री गोविन्दराज जोशीले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।